प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद

# गण्डकी प्रदेश, प्रदेश कार्यालय

# पोखरा

## डिप्लोमा/ प्रमाणपत्र तहको नया भर्नाको नतिजा प्रकाशन सम्वन्धी अत्यन्त जरुरी सुचना ।

प्रथम पटक प्रकाशित मिति २०७७।०७।०६

प्राविधिक शिक्षा तथा ब्यावसायिक तालीम परिषद् परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको, मिति २०७७।०५।२६गते गोरखापत्रमा राष्ट्रिय दैनिकमा, प्रथम पटक प्रकाशित सुचना अनुसार, डिप्लोमा/ प्रमाणपत्र तहको पुर्णशुल्क तर्फको आवेदन फारम भर्ने संवन्धी सुचना वमोजिम, गण्डकी प्रदेश अन्तर्गत संचालित आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयहरु र निजि स्तरमा संचालन स्वीकृती पाएका शिक्षण संस्थाहरुले, शैक्षिक सत्र २०७७/२०७८ मा नयां विद्यार्थी भर्नाकोलागि रितपुर्वक तोकिएको मिति र समयभित्र, प्रवेश परिक्षा फारम भराई, परिक्षा नियन्त्रण कार्यालयले तोकेवमोजिम सम्पुर्ण प्रकृया पुरागरी उल्लेखित सुचना को बुदा नं ७ तथा परिषद परिक्षा नियन्त्र कार्यालयको २०७७।०६।०१ को सुचना वमोजिम संवन्धित शिक्षण संस्थावाट तयारगरी गोप्यरुपमा प्राप्तहुनआएको नतिजालाई, परिषद् परिक्षा नियन्त्रण कार्यालयको भर्ना निर्देशिका २०७४ तेश्रो शंसोधन २०७७ वमोजिम रुजुगरी नतिजा प्रकाशन गरिएको ब्यहोरा सुचित गरिन्छ। संवन्धित शिक्षण संस्थाहरुको नतिजा प्रकाशन गर्ने क्रममा आवेदकहरुको एस एल सि/ एस ई ई/ प्रा एस एल सि तहको परिक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा संस्थाले निर्धारण गरेको कोटा फरक पर्न गई, नतिजा तयारिमा कुनै किसिमको त्रुटि देखिन आएमा सो को जिम्मेवार सम्वन्धित शिक्षण संस्था प्रमुख नै हुने ब्यहोरा समेत जानकारी गराईन्छ।

सम्वन्धित शिक्षण संस्थाहरुले प्रवेश परिक्षा वाट भर्नाको लागि सिफारिष भएका मुख्य विध्यार्थी हरुलाई २०७७।०७।२८। गतेभित्र नियमानुसार सक्कल कागजपत्र रुजु गरी भर्ना गरिसक्नु पर्ने छ र सो समयअवधि भित्र मुख्य उमेदवार भर्नाहुन नआई सिट रिक्त हुन आएमा, परिषद परिक्षा नियन्त्रण कार्यालयको भर्ना निर्देशिका २०७४ तेश्रो शंसोधन २०७७ अनुसार गर्नूहुन सुचित गरिन्छ।

पुनश्च: मुख्य तथा वैकल्पिक प्रशिक्षार्थि भर्ना गर्ने क्रममा प्राप्ताङ्क वरावर भएको अवस्थामा परिषद परिक्षा नियन्त्रण कार्यालयको मिति २०७७।०५।२६ गोरखापत्रमा राष्ट्रिय दैनिक सुचना को वुदा नं ७ तथा परिषद परिक्षा नियन्त्रकार्यालयको २०७७।०६।०१ को सुचना अनुसार गर्नुहुन अनुरोध छ ।

निर्देशक
प्रा शि ब्या त प
गण्डकी प्रदेश, प्रदेश कार्यालय